नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०    अंक २५९    २०७८ साल असार २१ गते सोमबार (5 July 2021 Monday)    मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- अपराध अनुसन्धान तथा अदालती काम कारबाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झुट्टा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

यस अंक भित्र : २ पृष्ठमा : राष्ट्रिय सेवा दलले ... ३ पृष्ठमा : सत्तरी प्रतिशत पाठ्यपुस्तक ... ३ पृष्ठमा भारतमा कोभिडबाट दैनिक ...

# गाउँ-गाउँमा सिंहदरबारको साटो राजदरबार खडा भयो : सभामुख यादव




**दैनिक समाचारदाता**
**राजविराज, २० असार ।**

प्रदेश २ का सभामुख सरोजकुमार यादवले संघीयता आएपछि गाउँ-गाउँमा सिंहदरबारको साटो राजदरबार खडा भएको आरोप लगाएका छन् ।

सभामुख यादवले भने, "स्थानीय तहका प्रमुखहरु जनसेवक बन्न नसके पनि उनीहरु आफूलाई राजा भन्दा कम ठान्ने गरेका छैनन् ।"

सप्तरी जिल्ला सभालाई आईतबार राजविराजमा सम्बोधन गर्दै सभामुख यादवले भने, "संघीयता अनुसार हाल काम भइरहेको छैन, जसकारण जनता खुशी छैनन् ।"

हाल जनताको पक्षमा काम नभइरहेको मात्र आफ्नो मान्छे भन्दै बजेट दिने र जसरी पनि सिध्याउने कार्य हावी भएको आरोप लगाए ।

सभामुख यादवले जनताको प्रतिनिधी बनेर केन्द्रमा र प्रदेशमा गएका सांसदहरु जिल्ला सभामा उपस्थित नहुनु बिडम्बनाको कुरा भएको बताए । जिल्ला सभामा संघीय सांसद, राष्ट्रिय सभा सदस्य, प्रदेश सभा सदस्यलाई निम्ता गरी बोलाइएपनि कोहि उपस्थित भएनन् ।

जिल्ला सभामा जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादवले जिल्लाको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । सो अवसरमा राम्रो काम गरेको भन्दै कर्मचारी नवराज खड्का, कमलेश्वर बिराजी, गंगाराम साहलाई सम्मान गरिएको थियो ।

जिल्लामा उत्कृष्ट नगरपालिकामा कंचनरुप र गाउँपालिकामा रुपनीलाई समेत सम्मान प्रदान गरिएको थियो ।

# एक महिलासहित दुई जना लागु औषधसहित पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २० असार ।**

सशस्त्र प्रहरी बल बिओपी तिलाठीले भारतबाट नेपालतर्फ आउँदै गरेका एक महिलासहित दुई जनालाई लागु औषधसहित पक्राउ गरेको छ ।

बिओपी तिलाठीका बरिष्ठ हवल्दार बिनोद कुमार यादवको कमाण्डमा गएको गस्ति टोलीले उदयपुरको त्रियुगा नगरपालिका ११ निवासी ३३ वर्षिय चोलाधर पोखरेल र सप्तरीको सुरुङ्गा नगरपालिका ९ पिप्राह निवासी ३० वर्षिया रोमा बिकलाई लागुऔषधसहित पक्राउ गरेको हो ।

सीमावर्ती भारतीय बजारबाट नेपालतर्फ आउँदै गर्दा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ मल्हनियामा शंका लागि चेकजाँच गर्ने क्रममा उनीहरुका साथबाट डाइलेक्स १० थान, नाइट्राजेपम ट्यावलेट २० पिस र स्पास्पोर भोनप्लस १ सय ४४ पिस बरामद भएको सशस्त्र प्रहरी बिओपी तिलाठीले जनाएको छ ।

यता पक्राउ परेका दुबै जनामाथी आवश्यक अनुसन्धान भइरहेको सशस्त्र प्रहरीले जनाएको छ ।

**लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं**

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु


कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



भिडभाड हुने स्थान
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

भौतिक दूरी कम हुने स्थान
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

भेन्टिलेशन नभएको
वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु




- भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दुरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं
- सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं
- पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं
- हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं
- भौतिक दुरी आवश्यक हुने स्थानमा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं

साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं

साभार : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**मास्क लगाऔं, जोखिम घटाऔं**




नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौं

# थप १ हजार ६ सय ३ सङ्क्रमित भेटिए

काठमाडौँ, २० असार (रासस)।
नेपालमा थप एक हजार ६०३ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। योसँगै नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या छ लाख ८२ हजार ७३९ पुगेको छ।

थप चार हजार ८७६ जनाको पिसिआर परीक्षण तथा तीन हजार २५६ जनाको एन्टिजेन विधिबाट कोरोना परीक्षण गरिएको थियो। पिसिआर विधिबाट एक हजार ४२ तथा एन्टिजेनबाट ५६१ जनामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा कृष्ण पौडेलले जानकारी दिनुभयो।

हालसम्म छ लाख नौ हजार २१८ जना कोरोना भाइरसबाट मुक्त भइ घर फर्किएका छन्। पछिल्लो २४ घण्टामा देशभर दुई हजार ५५२ सङ्क्रमित निको भएर घर फर्किएका छन्।

काठमाडौँ उपत्यकामा पछिल्लो समय ४६१ सङ्क्रमित थपिएका छन्। काठमाडौँमा ३४२, ललितपुरमा ८८ तथा भक्तपुरमा ३१ जनामा सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ।

पछिल्लो समय नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट थप २७ सङ्क्रमितको मृत्यु भएको छ। योसँगै कोरोना भाइरसको सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या नौ हजार २२५ पुगेको मन्त्रालयले जनाएको छ।

# क्रियाशील सदस्यता छानबिन समितिको प्रवक्तामा पौडेल

काठमाडौँ, २० असार (रासस)।
नेपाली कांग्रेस क्रियाशील सदस्य छानबिन समितिको प्रवक्ताको जिम्मेवारी केन्द्रीय सदस्य प्रदीप पौडेललाई दिइएको छ। कांग्रेसको क्रियाशील सदस्यता छानबिन समितिले आइतबार एक विज्ञप्ति जारी गर्दै केन्द्रीय सदस्य पौडेललाई प्रवक्ताको जिम्मेवारी दिइएको बताएको हो।

छानबिन समितिको आधिकारिक धारणा सार्वजनिक गर्न केन्द्रीय सदस्य पौडेललाई प्रवक्ता तोकिएको कांग्रेस केन्द्रीय कार्यालयका सचिव केशव रिजालले जानकारी दिनुभयो। पार्टीका केन्द्रीय सदस्य रमेश लेखक संयोजक रहेको उक्त समितिमा पौडेलसहित आनन्द ढुङ्गाना, श्याम घिमिरे, जीवन परियार, कल्याण गुरुङ र योगेन्द्र चौधरी सदस्य रहनुभएको छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# राष्ट्रिय सेवा दलले राष्ट्रप्रति समर्पित र संस्कारयुक्त युवाशक्ति तयार गर्दै

काठमाडौँ, २० असार (रासस)।
समाजमा अनुशासनको खडेरी र मूल्य मान्यतामा ह्रास आइरहेका बेला नेपाली सेनाले भने 'अनुशासन नै राष्ट्र सेवाको मूल जग हो' भन्ने आदर्श वाक्यका साथ युवाशक्तिमा राष्ट्रिय भावना जागृत तुल्याउन भगीरथ प्रयास गरिरहेको छ।

देश र जनताको सुरक्षामा अनवरत अग्रसर सेनाले राष्ट्रिय सेवा दलमार्फत युवामा राष्ट्रिय दायित्वबोधको संस्कार विकास गराउन तालिमका माध्यमद्वारा महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ। अनुशासनको जगमा कर्मशील, मर्यादित, मुलुकप्रति समर्पित र ऊर्जाशील युवा तयार गर्ने कार्यमा सेवा दलद्वारा प्रदान गरिने तालिमले ठूलो बल प्रदान गरिरहेको राष्ट्रिय सेवा दलका कार्यकारी महानिर्देशक रघु भण्डारीले बताउनुभयो।

पछिल्लो वर्ष भने कोभिड-१९ सङ्क्रमण जोखिमले सेवा दलको उक्त प्रयासमा अड्चन खडा गरेको छ। यद्यपि कोरोनाका कारण भौतिक उपस्थितिमा सञ्चालन हुन नसके पनि उपलब्ध प्रविधिको प्रयोग गरी भर्चुअल माध्यमद्वारा सैद्धान्तिक कक्षा सञ्चालन गर्न अध्ययन कार्ययोजना तयारीको क्रममा रहेको बताइएको छ।

विस २०२२ कात्तिक ७ गते स्थापना भएको सेवा दलले ५१ हजार ३३२ युवालाई अनुशासित, इमान्दार, जिम्मेवार तथा देशप्रति समर्पित सभ्य र सुसंस्कृत समाज निर्माणमा स्थापित गराउन जुनियर र सिनियर डिभिजन क्याडेट तालिम प्रदान गरिसकेको छ। युवालाई अनुशासित, मुलुक र मुलुकवासीप्रति बफादार बनाउने तथा राष्ट्रियता र राष्ट्रिय एकतालाई प्रवर्द्धन र नेतृत्व विकास गर्ने लक्ष्यका साथ सेवा दलको तालिम शुरु गरिएको हो। अतिरिक्त लक्ष्यमा नेपालमा मानवसिर्जित वा दैवी विपत्तिका बेला सङ्गठित भएर खोजी, उद्धार र राहत व्यवस्थापनमा सहयोग पुऱ्याउने सेवा दलको उद्देश्य छ।

प्रारम्भमा ५०० विद्यार्थीलाई तालिमको कोटा निर्धारण गरेको सेवा दलले अघिल्लो आवमा सात हजार ५०० लाई तालिम दियो। आगामी कार्यक्रममा जुनियर डिभिजनमा सात हजार ९५० र सिनियर डिभिजनमा तीन हजार ६०० छात्रछात्रालाई संस्थागत तालिम तथा सामूहिक वार्षिक क्याम्प सञ्चालन गर्ने योजना बनाइएको छ। हाल मुलुकका ७७ जिल्ला र २१३ विद्यालयमा कार्यक्रम विस्तार गरिसकेको सेवा दलले जनाएको छ।

तालिमबाट दीक्षित क्याडेटको ज्ञान, सीप, योग्यता र क्षमता अधिकतम उपयोग हुने गरी सेना र सरोकारवाला निकायको सम्पर्कमा रही क्षमताअनुरुपको भूमिकामा संलग्न हुँदै आएका छन्। तालिमरत तथा पूर्वक्याडेटलाई एनसिसी अल्मुनाइ एशोसिएशन नेपालमार्फत सामाजिक विकृति, विसङ्गति र कुसंस्कारविरुद्ध सचेतना अभियान तथा विपद् व्यवस्थापन एवं राष्ट्रहितमा परिचालित हुने व्यवस्था मिलाइएको पूर्वउपरथी भण्डारीले जानकारी दिनुभयो। सेवा दलका कार्यक्रमलाई सहज र स्पष्ट मार्गनिर्देशका साथ अघि बढाउन राष्ट्रिय सेवा दल ऐन-२०७८, राष्ट्रिय सेवा दल नियमावली-२०७८ र राष्ट्रिय सेवा दल पूर्व छात्रछात्रा सङ्घ, नेपाल व्यवस्थापन निर्देशिका-२०७८ स्वीकृतिका लागि पेश गरिएको बताइएको छ।

**सङ्कल्प कार्डमा के छन् सन्देश**

सेवा दलले आफ्नै व्यवस्थापन तथा अन्य स्रोत साधनको समेत समन्वय गरी राष्ट्रियता, देशभक्ति र राष्ट्र सेवामा समर्पित सचेत नागरिक तयार गर्न विभिन्न नारा र बुँदा समावेश गरी सङ्कल्प कार्ड वितरणको व्यवस्था मिलाएको छ।

उक्त कार्डमा 'म मेरो मातृभूमि नेपाल आमालाई अत्यधिक माया गर्दछु', 'मेरो देश कसैको उपनिवेश हुन नपरेकामा मलाई गर्व छ' तथा 'मेरो राष्ट्रको एकता, अखण्डता र स्वाधीनता मलाई प्राणभन्दा प्यारो लाग्छ' भन्नेलगायतका सन्देश समावेश गरिएको महानिर्देशक भण्डारीले बताउनुभयो।

राष्ट्रको धर्म, संस्कृति, रीतिरिवाज, पहिचान, सम्पदा, इतिहास, विभूति, वीरपुर्खालाई सहृदय सम्मान गर्ने, राष्ट्र र समाजमा गलत तथा खराब क्रियाकलाप हुन नदिन आफ्नोतर्फबाट सदा क्रियाशील रहने, 'राम्रा मानिसलाई हाम्रा भन्नुपर्दछ, हाम्रा हुँदैमा राम्रा मान्न हुँदैन' भन्ने ज्ञान सिकाउने तथा 'लोभ, मोह, राग, द्वेष, डाह, ईर्ष्या र अनावश्यक रिसजस्ता कुभावना मेरा शत्रु हुन्' भन्ने कुरा पनि सङ्कल्प कार्डमार्फत युवामा सन्देश प्रवाह गर्न खोजिएको छ।

युवालाई लक्षित गरी बनाइएको सङ्कल्प कार्डमा 'मेरा सबै क्रियाकलाप विधि र प्रक्रिया तथा प्रणाली र पद्धतिबमोजिम हुनुपर्दछ', 'मैले हासिल गरेको ज्ञान र सीप सधैँ राष्ट्र र राष्ट्रवासीको सेवामा समर्पित गर्नेछु' र 'म जुनसुकै पेशा, सेवा, कर्ममा लागे पनि आफ्नो काम, कर्तव्य र दायित्वलाई सर्वोपरी ठानी कार्यसम्पादन गर्नेछु' भन्ने उल्लेख छ। सेवा दलको पहिलो समूहको तालिममा सहभागी हुनभएका प्राध्यापक विश्वम्भर प्याकुरेलले अनुशासन कायम गर्ने, शारीरिक अवस्था चुस्त राख्ने र आत्मनिर्भर हुन सिकाउने प्रशिक्षण सबैका लागि जीवनोपयोगी भएको प्रतिक्रिया दिनुभयो।

उहाँले भन्नुभयो, "तालिमका क्रममा टोखा र नगरकोटमा बाटो निर्माण गर्न खटाइयो, समयको सदुपयोग र पालना सिकाइयो, राष्ट्रियता प्रवर्द्धनलाई विशेष प्राथमिकता राखेर काम गर्न ज्ञान दिइयो, अहिलेका युवापुस्तालाई यो तालिम निकै आवश्यक र प्रभावकारी छ। जुत्ता टल्काउनेदेखि समयको पालना, आत्मनिर्भर र अनुशासनमा रहन सेवा दलको योगदान छ।"

**५६ वर्षदेखि दूध र जेरी निरन्तरता**

पहिलो समूहदेखि नै छात्राको प्रवेश रहेको तालिममा सहभागी प्रशिक्षार्थीलाई खुराकस्वरुप उपलब्ध गराइन शुरु गरिएको एक पाउण्ड दूध र १०० ग्राम जेरी दिने चलनले हालसम्म पनि निरन्तता पाउँदै आएको छ। सेवा दलले तालिममा सहभागी छात्रछात्रालाई थप उत्प्रेरित/आकर्षित गर्न सेना दिवस तथा महाशिवरात्रिका अवसरमा आयोजित प्रदर्शनीमा सहभागी गराउँदै आएको छ।

सेवा दलका कार्यकारी पूर्वमहानिर्देशक रमीन्द्र क्षेत्रीले सेवा दलका तालिम प्रशिक्षणअघि बढ्ने क्रममै रहेको तर यस बीचमा सबैभन्दा ठूलो चुनौती कोरोना भएको टिप्पणी गर्नुभयो। राष्ट्रिय सेवा दलले युवालाई प्रदान गर्ने तालिम अत्यन्तै लोकप्रिय र धेरै माग भएको सरकारको राष्ट्रिय कार्यक्रम भएको बताउँदै पूर्वरथी क्षेत्रीले भन्नुभयो, "सेवा दलमा दरबन्दी हाल ३५० मात्र छ, ठूलो सङ्ख्यामा छात्रछात्रालाई तालिम दिन थोरै जनशक्ति आफैँमा पनि एउटा चुनौती हो।" नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि कलेज जीवनमा राष्ट्रिय सेवा दलको तालिम लिनुभएको छ।

**शीर्ष गीतको स्रष्टा प्रधानमन्त्री ओली**

सेवा दलबाट प्रदान गरिने १०० दिनको उक्त तालिममध्ये ७९ दिन प्रत्येक विद्यालयमै प्रशिक्षक खटाएर दिने गरिएको छ। विद्यालय कक्षाको पढाइ सकिएपछि शारीरिक अभ्याससँगै सैद्धान्तिक ज्ञान समेटेर तालिम प्रदान गरिन्छ। सेवा दलको क्षेत्रगतरूपमा कोहलपुर, हात्तीखोर, बर्दिबास र याङसिलामा एकैपटक ५०० देखि ६०० जनासम्म क्षमताको बनाइएको पूर्वाधारमा क्याडेटलाई २१ दिने क्याम्प राखेर दीक्षान्त प्रदान गरिँदै आएको छ। सेवा दलको तालिममा हाल छात्रछात्राका लागि ५०/५० प्रतिशत कोटा निर्धारण गरिएको छ। हालको सेवा दलको शीर्ष गीतको स्रष्टा संरक्षक प्रधानमन्त्री केपी शर्मा ओली हुनुहुन्छ। नेपाली संस्कृति र परम्पराको प्रवर्द्धनमा समेत युवालाई सहभागी गराउन वार्षिक सामूहिक क्याम्पमा स्थानीय लोक संस्कृति झल्कने सांस्कृतिक कार्यक्रमसमेत सञ्चालन गरिँदै आएको छ।

राष्ट्रमा विपत्ति हुँदा समर्पित भएर राष्ट्रिय हित र विपद् व्यवस्थापनलगायत सामाजिक कार्यमा समर्पित तालिमप्राप्त युवालाई सङ्गठित बनाई परिचालन गर्ने उद्देश्यले स्थापित राष्ट्रिय सेवा दलको पूर्व छात्रछात्रा सङ्घ७७ वटै जिल्लामा गठन छ। कोभिड-१९ सङ्क्रमणविरुद्ध मुलुकका १०० भन्दा बढी स्थानमा स्यानिटाइजर र मास्कको प्रयोग तथा मिचिमिची साबुन पानीले हात धुनेलगायत स्वास्थ्य मापदण्डसम्बन्धी सचेतना अभियानमा सेवा दलका प्रशिक्षार्थीबाट विशिष्ट योगदान भएको छ।

# कोभ्याक्स मार्फत एक महिनाभित्र नेपालमा जोन्सन एण्ड जोन्सनको १० लाख डोज कोभिड खोप आउने

**दैनिक समाचारदाता**
**काठमाडौँ, २० असार।**
नेपालमा अबको एक महिनाभित्र जोन्सन एण्ड जोन्सनको कोभिड विरुद्धको खोप आउने भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभ्याक्स फ्यासिलिटी मार्फत जोन्सन एण्ड जोन्सन खोप आउने जानकारी दिएको हो।

मन्त्रालय स्रोतका अनुसार कोभ्याक्स मार्फत १० लाख डोज खोप आउने भएको हो। 'सुरुमा साढे ६ लाख डोज खोप आउने भनिए पनि पछि उक्त संख्यामा थप गरेर १० लाख डोज खोप आउने भएको हो,' मन्त्रालय स्रोतले भन्यो, 'साढे ६ लाखबाट बढाएर एक उमेर समुहलाई पुग्ने गरी खोप उपलब्ध गराउने जानकारी आएको छ। एक महिना भित्र भनिएपनि खोप चाँडै नै आउने देखिएको छ। यो हाम्रो लागि ठूलो उपलब्ध हो।'

कोरोना विरुद्ध बनेका अन्य खोप दुई डोज लगाउनुपर्ने भएपनि जोन्सन एण्ड जोन्सनको खोप एक डोज मात्र लगाए पुग्छलस्। नेपाल सरकारले सोझै जोन्सन एण्ड जोन्सनको कम्पनीसँग खरीद गर्ने गरी प्रयास गरेको थियो। यसका लागि छलफलको प्रक्रिया समेत अगाडि बढेको थियो। तर कम्पनीले उपलब्ध गराउन नसक्ने बताएको थियो।

नेपालले खरिद गरेर ल्याउन चाहेको खोप नै अहिले कोभ्याक्स मार्फत आउन लागेको मन्त्रालयका एक उच्च तहका कर्मचारीले जानकारी दिए।

नेपालमा कोभ्याक्स फ्यासिलिटी मार्फत अहिलेसम्म अक्सफोर्ड एस्ट्राजेनेकाले विकास गरेको भारतको सेरम इन्स्टिस्युटले उत्पादन गर्दै आएको कोभिसिल्ड खोप ३ लाख ४८ हजार डोज आएको छ। कोभ्याक्सले कुल जनसंख्याको २० प्रतिशतलाई पुग्ने खोप उपलब्ध गराउने प्रतिवद्धता गरेको छ। स्वास्थ्य खबरबाट

# सत्तरी प्रतिशत पाठ्यपुस्तक बिक्री, नयाँ नक्साको बेग्लै पृष्ठ पठाइयो

काठमाडौँ, २० असार (रासस)।

सरकारी स्वामित्वको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले नयाँ शैक्षिक सत्रका लागि उत्पादित पाठ्यपुस्तक हालसम्म ७० प्रतिशत बिक्रीवितरण गरेको छ।

कोरोना महामारी र निषेधाज्ञाका बीच पाठ्यपुस्तक उत्पादन र वितरणलाई अत्यावश्यक सेवामा राखिएपछि लिमिटेडबाट छापिएका पाठ्यपुस्तक विभिन्न प्रदेश र जिल्लामा बिक्रेतामार्फत ढुवानी गराइएको हो।

विगतका तय गरिएका पाठ्यक्रम मुद्रणीय प्रति (सिआरसी) का आधारमा पहिल्यै छापिइका पाठ्यपुस्तकमा नेपालको कालापानी, लिम्पियाधुरा र लिपुलेक समेटिएको नयाँ राजनीतिक नक्सा समावेश नभएकामा सम्बन्धित पृष्ठमा नक्साबारे अलग्गै पृष्ठ छापेर विद्यालय-विद्यालयमा पठाउने काम पनि केन्द्रले गरिरहेको छ। हाल मुद्रण भइरहेका पाठ्यपुस्तकमा नयाँ नक्सासहित छपाइ भइरहेको केन्द्रका प्रबन्ध सञ्चालक अनिलकुमार झाले राससलाई बताउनुभयो।

विद्यालय तहका पाठ्यपुस्तक विद्यार्थीलाई निःशुल्क उपलब्ध गराउने सरकारको दायित्व हो। कक्षा १ देखि ३ सम्मका पाठ्यपुस्तक निजी क्षेत्रका प्रेसले उत्पादन गर्दै आएका छन् भने सो तहभन्दा माथिका लाागि जनक शिक्षाले उत्पादन गर्दै आएको छ। वितरणका लागि केन्द्रले मुलुकका आफ्‌ना प्रादेशिक र अन्य कार्यालयमा गरी एक हजार एक सय बिक्रेता नियुक्त गरेको छ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठले नयाँ नक्सा समावेश गर्न निर्देशन दिएपछि यही असार १५ गते पाठ्यक्रम विकास केन्द्रले जनक शिक्षा लिमिटेडलाई त्यसबारे पत्राचार गरेको थियो। पाठ्यक्रम विकास केन्द्रले आग्रह नगरेसम्म उत्पादनकर्ता निकायले पाठ्यपुस्तकमा परिमार्जन गर्न पाउँदैन। नयाँ (चुच्चे) नक्सा अनुसार नेपालको क्षेत्रफल बढेर एक लाख ४७ हजार ५१६ कायम भएको छ। संसद्बाट संविधान संशोधन भएपछि नेपालका नयाँ राजनीतिक नक्सा २०७७ जेठ ७ गते भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले सार्वजकि गरेको थियो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र पाठ्यक्रम विकास केन्दले समयमा नयाँ नक्साबारे पाठ्यसामग्रीमा परिमार्जनका लागि समयमा औपचारिक पत्राचार नगर्दा बजारमा गइसकेका पाठ्यपुस्तकमा पुरानै नक्सा समावेश भएको गुनासो आएको थियो।

पाठ्यक्रम विकास केन्द्रले यही असार १३ गते 'पाठ्यपुस्तकको प्रयोगसम्बन्धी अत्यन्त जरुरी सूचना' जारी गरी विद्यालयमा प्रयोग हुने पाठ्यपुस्तक तथा पाठ्यसामग्रीका सम्बन्धमा पाठ्यपुस्तक वितरण व्यवस्थापन अनुगमन केन्द्रीय समितिको गत जेठ २८ गतेको निर्णयानुसार यस शैक्षिकसत्रका लागि बिक्रीमा रहेका स्वीकृत पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा अनिवार्यरुपमा नेपालको कालापानी, लिम्पियाधुरा र लिपुलेक समेटिएको नेपालको नयाँ नक्सा समावेश हुनुपर्ने सूचना बिक्रेता, शिक्षक र अभिभावकमा पनि दिएको थियो।

गत वर्षमा नै छपाइ भएका पाठ्यपुस्तक तथा सामग्रीमा सम्बन्धित पेजमा परिमार्जन गरी नयाँ पेज समावेश गर्न पनि उक्त सूचनामा आग्रग गरिएको थियो। अनुगमन समितिले यही असार १२ मा बजार अनुगमन गर्दा पुरानै नक्सा भएका धेरै पुस्तक देखिएको नेपाल अभिभावक महासङ्घका अध्यक्ष सुप्रभात भण्डारीको भनाइ छ।

पाठ्यक्रम विकास केन्द्रले अब पुस्तक खरीद गर्दा हेरेर मात्रै खरीद गर्न विद्यालय, शिक्षक र विद्यार्थीलाई आग्रह गरेको छ। कक्षा ४ देखि १० सम्मका सामाजिक विषयमा नेपालको नक्सासम्बन्धी पाठ रहेको छ। कक्षा १, २, ३ र ६ मा नयाँ पाठ्यपुस्तक लागू भएकाले ती पुस्तकमा स्वतःनयाँ नक्सा समावेश गरिएको जनाइएको छ।

लिमिटेडका प्रवक्ता चित्रकुमार आचार्यका अनुसार यस शैक्षिकसत्रका लागि सरकारले दिएको एक करोड ८४ लाख थान पाठ्यपुस्तक उत्पादन हुनुपर्ने लक्ष्य रहेकामा हालसम्म एक करोड ३० लाख थान बिक्री वितरण भइसकेको छ। कर्णाली प्रदेशका केही जिल्लाबाहेक अन्य जिल्लाबाट पाठ्यपुस्तक अभाव भएको गुनासो नआएको केन्द्रले जनाएको छ।

# शिक्षक कस्तो मनोबल लिएर विद्यालयमा उपस्थित हुने ? विद्यार्थीलाई संक्रमणबाट कसरी जोगाउने ?

गएको असार १ देखि नयाँ शैक्षिक सत्र सुरु भएको छ। तर, बालबालिका विद्यालय जान पाएका छैनन्। प्रविधिमा पहुँच भएकाहरु अनलाइनबाटै पढिरहे पनि प्रविधिमा सबैको पहुँच छैन। उनीहरुलाई एकैठाउँ जम्मा पारेर पढाउन सक्ने वातावरण पनि छैन।

विद्यालय शिक्षाका प्रमुख सहजकर्ता शिक्षक हुन्। देशभर सामुदायिक र संस्थागत विद्यालयमा करिब साढे चार लाख शिक्षक तथा कर्मचारी कार्यरत् छन्। शिक्षकको काम भौतिक उपस्थितिमा बालबालिकासँग घुलमिल भएर सिकाइ गराउनु हो। महामारीले यो प्रक्रिया अवरुद्ध छ।

सरकारले गत वर्ष भदौ १९ मा 'विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७' जारी गऱ्यो। निर्देशिकाको दफा ३ मा सिकाइका दृष्टिले स्रोत साधनमाथि पहुँचका आधारमा पहिचान गरी विद्यार्थीलाई पाँच समूहमा वर्गीकरण गर्नुपर्ने उल्लेख छ। पहिलो समूहमा 'सबै किसिमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका विद्यार्थी' छन्। यो समूहलाई शिक्षकले भौतिक उपस्थितिमा प्रत्यक्ष रुपमा अध्यापन गर्नुपर्छ। चालु शैक्षिक सत्रमा पनि सो निर्देशिका अनुसार नै सिकाइ सहजीकरण गर्न सरकारले परिपत्र गरेको छ।

कोरोना महामारीका बेला वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्न भनिएको छ। वैकल्पिक सिकाइको एउटा माध्यम अनलाइन कक्षाले दुर्गम क्षेत्रका अधिकांश बालबालिकालाई समेट्न नसकेको गत वर्षको अनुभवले देखाउँछ। जस्तै, पश्चिम नवलपरासीको सरावल गाउँपालिकाका सामुदायिक विद्यालयका झण्डै ९५ प्रतिशत विद्यार्थी सबै किसिमको प्रविधिको पहुँचभन्दा बाहिर छन्।

यस्ता विद्यार्थीका लागि भौतिक उपस्थितिमा नै कक्षा सञ्चालन गर्नुपर्ने हुन्छ। तर, कक्षा कोठा र कक्षा कोठाबाहिर भौतिक दूरी कायम गर्न/गराउन कठिन छ। बुटवलमा गरिएको एक अध्ययनले त्यस्तो कठिनाइ बाहिर ल्याएको हो।

गएको पुसमा बुटवलका केही विद्यालयले भौतिक रुपमा नै कक्षा सञ्चालन गरे। त्यहाँ गरिएको एउटा अध्ययन अनुसार विद्यालयमा भौतिक दूरी कायम नगर्ने विद्यार्थी र शिक्षक ७६ प्रतिशत थिए। अपर्याप्त भौतिक दूरी कायम गर्ने १८ प्रतिशत र पर्याप्त भौतिक दूरी कायम गर्ने जम्मा ६ प्रतिशत थिए। कम उमेरका बालबालिकालाई बेन्चमा भौतिक दूरी कायम गराएर त राखिन्छ, तर उनीहरु चुलबुले स्वभावका हुन्छन्। एक-आपसमा झगडा गरिरहन्छन्। यसबाहेक पानी पिउन र शौचालय जाँदा-आउँदा तथा कुनै शैक्षिक क्रियाकलाप गराउँदा पनि भौतिक दूरी कायम गराउन हम्मे हुन्छ।

बुटवलमा गरिएको अध्ययन अनुसार विद्यालयमा उपस्थितमध्ये १८ प्रतिशतले मास्क लगाएका थिएनन्। मास्कको उपयुक्त प्रयोग नगर्ने १२ प्रतिशत थिए। ठीकसँग लगाउने ७० प्रतिशत थिए। ७० प्रतिशतमध्ये पनि केहीले निकै पुराना, पुनःप्रयोग गर्न नमिल्ने र मैलो मास्क लगाएका थिए।

परम्परागत सिकाइ प्रक्रियामा शिक्षकले धेरै बोलिरहनुपर्ने हुन्छ। यसकारण मास्कमा थुकका छिट्टा धेरै नै पर्छन्। धुलो टाँसिने सम्भावना पनि बढी हुन्छ। त्यसैगरी बालबालिकालाई सुरक्षित तरिकाले मास्क लगाउने बानी पार्न पनि कठिन छ। शिक्षकले निर्देशन गरेको बेला मात्र मास्क लगाउने अन्यथा तल वा माथि सार्ने तथा निकालेर खल्तीमा राख्ने गर्छन्। अर्कोतर्फ गर्मी मौसममा पसिनाले संक्रमित बाहिरी वातावरण र नाक तथा मुखको संसर्ग हुने संभावना बढी हुन्छ। अतः कोरोना भाइरससम्बन्धी सुरक्षा मापदण्डको पूर्णतः पालना गर्न र गराउन गाह्रो हुने सार्वजनिक क्षेत्रमध्ये विद्यालय पनि एक हो।

सरकारले २०७७ कार्तिक २० मा विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा जारी गऱ्यो। कार्यढाँचा अनुसार भौतिक उपस्थितिमै सिकाइ गराउन देशभरका विद्यालय सञ्चालन भए। खोप प्रयोजनका लागि गत पुसमा सामुदायिक तथा संस्थागत विद्यालयका सबै शिक्षक र कर्मचारीको विवरण संकलन गरियो। तर, एकाध जिल्लामा पहिलो चरणको खोप कार्यक्रम संचालन भएपनि अधिकांश ठाउँमा व्यवस्थापन हुन सकेन।

खोप सबै नागरिकका लागि आवश्यक छ। तर, दैनिक हजारौं विद्यार्थीसँग प्रत्यक्ष संसर्ग हुने व्यक्ति खोपको प्राथमिकतामा नपर्दा जोखिम बढ्छ। यो आलेख तयार पार्दासम्म कोरोनाका कारण मृत्यु हुने शिक्षकको संख्या १३४ पुगेको छ।

अघिल्लो शैक्षिक सत्रमा ६ महिना पनि पूरा दिन कक्षा सञ्चालन हुन सकेनन्। वार्षिक परीक्षा अनलाइनको भरमा गरियो। कतै त पूर्व-परीक्षाका आधारमा नतिजा प्रकाशन गरियो। कक्षा १२ को परीक्षा कसरी गर्ने भन्ने अन्योल कायम छ।

गएको १ असारदेखि नयाँ शैक्षिक सत्र शुरु भइसकेको छ। सामुदायिक विद्यालयमा भर्ना अभियान चलिरहेको छ। केही स्थानीय तहले भौतिक उपस्थितिमै कक्षा सञ्चालनको तयारी गरेका छन्। तर, संक्रमणको जोखिम उस्तै छ। यस्तो विषम परिस्थितिमा भौतिक उपस्थितिमै सिकाइ सहजीकरणका लागि शिक्षक कस्तो मनोबल लिएर विद्यालय उपस्थित हुने होला ?

महामारी मत्थर हुनेबित्तिकै शैक्षिक संस्था पुनः पुरानै अवस्थामा सञ्चालन गर्नुपर्ने आवश्यकता छ। त्यसका लागि पर्याप्त पूर्वतयारी चाहिन्छ। सरकारले प्राथमिकताका आधारमा शिक्षकका लागि खोप कार्यक्रमलाई पूर्णता दिए मात्र कक्षा सञ्चालनको अनुकूल वातावरण बन्छ। त्यसबाहेक स्वास्थ्य सुरक्षाका अन्य मापदण्ड समेत पालना गराउन आवश्यक काम गरिनुपर्छ।

स्वास्थ्य खबरबाट

## विश्व समाचार

### भारतमा कोभिडबाट दैनिक २.३४ प्रतिशत संक्रमित

नयाँ दिल्ली, २० असार (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसका दैनिक सङ्क्रमितको सङ्ख्या २.३४ प्रतिशत रहेको पाइएको छ।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा थप ४३ हजार ७१ जना सङ्क्रमित थपिएका छन्।

लामो समयपछि एक दिनमा ५० हजारभन्दा कम सङ्क्रमित भएको यो आठौँ पटक हो, मन्त्रालयका एक अधिकारीले भने।

भारतमा अहिले सङ्क्रमणमुक्त भएकाको सङ्ख्या ९७.०९ रहेको मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ।

पछिल्लो एक दिनमा देशभरी कुल ५२ हजार २९९ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएको पाइएको छ।

भारतमा अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या भने चार लाख ८५ हजार ३५० रहेको छ।

पछिल्लो एक हप्तामा भारतमा थप नयाँ सङ्क्रमितको सङ्ख्या २.४४ प्रतिशत रहेको छ, भने दैनिक सङ्क्रमितको सङ्ख्या २.३४ प्रतिशत रहेको छ, मन्त्रालयले भनेको छ।

भारतमा एक दिनमा १८ लाख ३८ हजार ४९० जनाको कोरोना परीक्षण गरिएको छ। योसँगै भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या ४१ करोड ८२ लाख ५४ हजार ९५३ पुगेको छ।

### फिलिपिन्समा सैनिक विमान दुर्घटनाग्रस्त, १७ जनाको मृत्यु

कोटाबाटो, फिलिपिन्स, २० असार (रासस/एएफपी)।

फिलिपिन्सको एउटा सैनिक विमान हवाई मैदानमा अवतरण गर्नेक्रममा दुर्घटनाग्रस्त हुँदा कम्तीमा १७ जनाको मृत्यु भएको छ। सैनिक चढेको उक्त विमानमा सवारमध्ये करिब ४० जना घाइते भएका छन्।

सी-१३० हर्कुलस विमानमा ९२ जना सवार थिए। सुलु प्रान्तको जोलो द्वीपस्थित विमानस्थलमा अवतरण गर्नेक्रममा नजिकैको आवासीय क्षेत्रमा आइतबार स्थानीय समयअनुसार विहान ११.३० बजे विमान दुर्घटनाग्रस्त भएको रक्षा सचिव डेल्फिन लोरेन्जानाले बताउनुभयो।

सचिव लोरेन्जोले विमानमा सवार ४० जना घाइते भएका र उनीहरुको उद्धार गरिएको जानकारी दिनुभयो। उहाँले तीन जना विमान चालक, अरु पाँच जना सहयोगीसहित विमानमा ९२ जना रहेको बताउनुभयो।

स्थानीय सञ्चारमाध्यमले खिचेका तस्वीरमा दुर्घटनाग्रस्त विमानमा भुँइमा बजारिएसँगै आगलागी भएको देखिएको छ। विमान दुर्घटनाग्रस्त भएको नजिकैका घरमाथि बाक्लो कालो धुँवा देखिएको छ।

सशस्त्र सैन्य बलका प्रमुख जनरल सिरिलिटो सोबजानाले कागायान डी ओरोबाट दक्षिणी मिन्डानाओ द्वीपतर्फ सैनिक लिएर गैरहेको विमान दुर्घटनामा परेको बताउनुभयो। उहाँले जोलोमा विमान अवतरण गर्न लाग्दा नजिकैको आवासीय क्षेत्रमा खसेको पनि बताउनुभयो।

उद्धार गरिएका ४० जनाको नजिकैको सैनिक अस्पतालमा उपचार भइरहेको पनि उहाँले बताउनुभयो। फिलिपिन्सका हवाई सेनाका प्रवक्ता लेफ्टिनेन्ट कर्णेल मेनार्ड मारिआनोले दुर्घटनाको कारणका बारेमा चाँडै अनुसन्धान शुरु हुने जानकारी दिनुभयो।

### जापानमा पहिरोमा बेपत्ता भएकाको खोजी जारी

अतामी, जापान, २० असार (रासस/एएफपी)।

जापानमा पहिरोमा परी बेपत्ता भएकाको खोजीकार्य जारी रहेको छ।

पहिरो गएको पहाडी क्षेत्रमा आइतबार पनि खोजीकार्य जारी रहेको अधिकारीले जानकारी दिएका छन्।

पहिरोमा परी कम्तीमा दुई जनाको मृत्यु भएको पुष्टि भएको छ भने अरु १० जनालाई घटनास्थलबाट उद्धार गरिएको छ।

जापानको मध्यक्षेत्रमा पर्ने अतामीमा भएको घटनामा परी अरु २० जना अझै पनि हराइरहेको अधिकारीले जनाएका छन्।

स्थानीय सरकारी अधिकारीले खोजीकार्य जारी रहेपनि बेपत्ता भएका जीवितै भेटिने सम्भावना कम रहेको बताएका छन्।

अत्यधिक वर्षासँगै शनिबार बिहान भीषण पहिरो गएको थियो। घटनाप्रति प्रधानमन्त्री योशिहिडे सुगाले दुःख व्यक्त गर्नुभएको छ। उहाँले खोजी तथा उद्धार र राहतका कार्यका लागि कुनै कसर बाँकी नराख्नसमेत निर्देशन दिनुभएको छ।

# सत्तारुढ युवा संघद्वारा देउवा, दाहाल, यादव र नेपालको पुत्ला दहन



**दैनिक समाचारदाता**
**जनकपुर, २० असार ।**

सत्तारूढ नेकपा एमालेको युवा संघका नेता/कार्यकर्ताहरुले आइतबार जनकपुरमा विपक्षी दलका शिर्ष नेताहरुको पुत्ला जलाएका छन् ।

स्थानीय जनक चोकमा उनीहरूले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र नेकपा एमालेका नेता माधव कुमार नेपालको पुत्ला जलाएका हुन् ।

युवा संघका केन्द्रीय सदस्य दिनेश सिंहले सत्तामा पुग्न विपक्षी दलका नेताहरुले देशलाई अन्यौलतामा लग्दै गएकोले पुत्ला जलाइएको बताए ।

यसअघि विपक्षी दलका युवाहरुले तीन दिन अघि जनकपुरमै प्रधानमन्त्री केपी शर्मा ओलीको पुत्ला जलाएका थिए ।

# सार्वजनिक सुनवाई सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, २० असार ।**

शिक्षा, स्वास्थ्य, खाद्य र आवासको अधिकार विषयमा आइतबार राजविराजमा सार्वजनिक सुनवाई सम्पन्न भएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा आयोजित कार्यक्रममा राजविराज नगरपालिकाका विभिन्न शाखाका प्रमुख, अधिकारकर्मी, सञ्चारकर्मी, नागरिक समाज, अभिभावक र विद्यार्थीहरु सहभागिता रहेको थियो ।

आयोजित कार्यक्रममा वक्ताहरुले कोभिड-१९ का कारण सबै क्षेत्र प्रभावित भएका बेला निजी विद्यालयले झैं सामुदायिक बिद्यालयले पनि वैकल्पिक शिक्षा दिन सक्नु पर्नेमा जोड दिएका छन् । यस्तै बजार अनुगमनलाई निरन्तरता तथा स्वास्थ्य क्षेत्रमा भइरहेको हेलचक्राइप्रति सरोकारवाला निकायको ध्यान पुग्नु पर्नेमा जोड दिए ।




कार्यक्रममा जिल्ला प्रशासन कार्यालयका प्रशासकिय अधिकृत किशोर राम, राजविराज स्वास्थ्य शाखा प्रमुख निरञ्जनप्रसाद यादव, पशुपक्षी विकास शाखा प्रमुख परमेश्वर यादव, कृषि शाखा प्रमुख हरीनारायण यादव, शिक्षा शाखा प्रमुख भोगेन्द्र यादव, इन्सेक प्रतिनिधि मनोहरकुमार पोखरेल, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दास, अभिभावक रामअवतार मण्डल, बाल चेतना समूहका अध्यक्ष आकाश साह, पत्रकार दिनानाथ यादवले लगायतले आधारभूत अधिकार संविधानले संरक्षण गरेको भए पनि कार्यान्वयनमा नरहेको औल्याए ।

नगरस्तरीय निगरानी समूहका अध्यक्ष रघुबर साहको अध्यक्षता एवम् प्रशासकिय अधिकृत रामको प्रमुख आतिथ्यता तथा इन्सेक सदस्य बैद्यनाथ झाको उपस्थितीमा भएको सार्वजनिक सुनवाई कार्यक्रममा निगरानी समूहका सदस्यहरू, अभिभावक, बिद्यार्थी, अधिकारकर्मी, राजविराज नगरपालिकाका विभिन्न शाखाका कर्मचारीहरूको उपस्थिती रहेको थियो ।


**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिबाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिबाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद बापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**







**राजविराज नगरपालिकाको कार्यालय, सप्तरी**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*